नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)

☎ प्र.जि.अ.५२०३७०
५२०१५८
५२०१५९
५२११५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०७८/०७९
च.नं. :- ३४६१

मिति २०७८/५/३१

विषय :– निर्णय पठाईएको सम्बन्धमा ।

श्री जिल्ला स्थित सबै स्थानीय तहहरु ।

मिति २०७८/५/३१ गते प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङज्यूको संयोजकत्वमा जिल्ला कोभिडसंकट १९- व्यवस्थापन समिति(DCCMC) को वैठकको निर्णय पाना-२ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

विष्णु प्रसाद ज्ञवाली
प्रशासकीय अधिकृत

website र fcbk मा

गैडहवा गाउँपालिका
दर्ता नं. ४५६
दर्ता मिति: २०७८/०५/३१

आज मिति २०७८ साल भाद्र ३१ गते बिहिवारका दिन प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङज्यूको संयोजकत्वमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति **(DCCMC)** को वैठक निम्नानुसारका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| प्र.जि.अ. श्री अस्मान तामाङ | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| प्र.उ. श्री मनोज कुमार के.सी. | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| उप-अनु.नि. श्री सुशान्त बराल | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| सेनानी श्री मनोज डंगोल | गरुण दल गण रामनगर व्यारेक | सदस्य |
| स.प्र.ना.उ.श्री निरंकरनाथ शुक्ला | सशस्त्र प्रहरी बल नेपाल नं. गण हेक्वा. | सदस्य |
| स.प्र.जि.अ. श्री बिजयराज पौडेल | जिल्ला प्रशासन कार्यालय | सदस्य |
| डा. शकुन्तला गुप्ता | भिम अस्पताल, भैरहवा | सदस्य |

**आमन्त्रित**

| | |
|---|---|
| प्रमुख श्री हरी प्रसाद अधिकारी | सिद्धार्थनगर नगरपालिका |
| अध्यक्ष श्री अयोध्या प्रसाद थारु | सियारी गाउँपालिका |
| प्रमुख श्री दिपेन्द्र ढकाल | शिक्षा विकास तथा समन्वय ईकाइ कार्यालय, रुपन्देही |
| प्रमुख डा. राजेन्द्र कुमार गिरी | स्वास्थ्य कार्यालय, रुपन्देही |
| अध्यक्ष श्री उज्जवल कसजु | उद्योग वाणिज्य संघ, बुटवल |
| अध्यक्ष श्री भिष्म प्रसाद न्यौपाने | सिद्धार्थनगर उद्योग बाणिज्य संघ |
| अध्यक्ष श्री नारायण भण्डारी | उद्योग व्यापार संगठन, रुपन्देही |
| ब.उ. श्री ठाकुर कुमार श्रेष्ठ | सिद्धार्थनगर उद्योग बाणिज्य संघ |
| अध्यक्ष श्री बाबुराम बोहोरा | रुपन्देही उद्योग संघ |
| अध्यक्ष श्री यमलाल लोहनी | रुपन्देही व्यापार संघ, वुटवल |
| उ. श्री अरुण गोयनका | सिद्धार्थनगर उ. वा. संघ |
| व-उपाध्यक्ष माधव प्र. पौडेल | रुपन्देही उद्योग संघ |

**निर्णय**

१. कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनका लागि तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो।

रुपन्देही जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्टको महामारीको संक्रमणदर हाललाई केही कमि भएको तथापि जोखिम कायमै रहेकोले उक्त संक्रमण फैलिन नदिन तथा यसको रोकथाम, नियन्त्रण, उपचार एवं व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/१/६, १३ र १९ को वैठकको निर्णय, कोभिड-१९ संकट ब्यबस्थापन सम्बन्धमा ब्यबस्था गर्न बनेको अध्याधेश २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ साल बैशाख १५ गतेको आदेशलाई तपसिल बमोजिम हुने गरी मिति २०७८ साल असोज १ गते विहान ०६:०० बजेदेखि २०७८ साल असोज ७ गते राति १२:०० बजेसम्म रुपन्देही जिल्ला भर लागु हुने गरी निषेध आदेशलाई निरन्तरता दिएको ब्यहोरा सबैको जानकारीका लागि सूचित गराउने।

निम्नः

## १. गर्न नपाईने वा निषेध गरिएका कार्यहरुः

- सबै प्रकारका सभा, जुलुस, महोत्सव, पार्टी प्यालेस, सिनेमाहल र हाटबजार आदि सञ्चालन नगर्ने।
- परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पुजा बाहेकका सम्पूर्ण धार्मिक साँस्कृतिक गतिविधिहरु स चालन तथा जमघट नगर्ने।
- शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्र, भाषा कक्षा, ट्युसन लगायत जमघट हुने गतिविधिहरु सञ्चालन नगर्ने।

## २. संचालन गर्न पाउने गतिविधिहरु

### (क) सवारी साधन संचालन सम्बन्धमा

- रुपन्देही जिल्ला भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधन सञ्चालन सम्बन्धी मापदण्ड एवं स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने गरी देहाय बमोजिम सञ्चालन गर्ने।
  - ➢ सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने।
  - ➢ सिट क्षमताको आधा मात्र यात्रुहरु मात्र राख्न पाईने।
  - ➢ चालक सहचालक र यात्रुको मास्क र भाईजरको प्रयोग गर्नुपर्ने।
  - ➢ सवारी साधनको ढोकामा अनिवार्य रुपमा सेनिटाईजरको प्रयोग गर्नुपर्ने।
  - ➢ सवारी साधनलाई अनिवार्य रुपमा निर्मलीकरण (Disinfection) गर्ने।
- विवाह लागि स्वास्थ्य मापदण्डको पालना गर्ने गरी बढीमा २ वटा साना सवारी साधनमा १० जना संख्या नबढ्ने गरी शुभ विवाहको ब्यानर राखी विवाहका निम्ती जान आउन सकिने।

### (ख) शैक्षिक संस्था संचालन सम्बन्धमा

१. विश्वविद्यालय, क्याम्पस र अन्य निकायहरुवाट पूर्व निर्धारित परीक्षा कार्यक्रम देहायको शर्तमा सञ्चालन गर्ने।

- परीक्षा सञ्चालन हुने हल तथा कोठामा २५ जना भन्दा बढी नहुने गरी व्यवस्था मिलाउने।
- बढी भिडभाड हुन नदिन shift wise परीक्षा सञ्चालन गर्ने।
- परीक्षा सञ्चानको क्रममा सबै परिक्षार्थी र समन्वय कर्ताले अनिवार्य रुपमा मास्क र सेनिटाईजरको प्रयोग गर्ने साथै प्रत्येक shift पछाडी परीक्षाहल अनिवार्य रुपमा निसंक्रमित गर्ने।

२. भौतिक उपस्थिति सम्बन्धमा स्मार्ट लकडाउन कार्यविधि - २०७८ बमोजिम समुद्रायमा कोभिड -१९ संक्रमणको अवस्था, सूचकहरुको डाटागत विश्लेषण, विद्यालयहरुको अवस्था बारे अध्ययन गरी १५ दिन भित्र शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत सम्बन्धीत स्थानीय तहको सिफारिशको आधारमा निर्णय गर्ने।

३. सीमानाका व्यवस्थापन सम्बन्धमाः

- नेपाली नागरिकको सहज पहुँच कम गर्न वेलहिया नाकामा अति आवश्यक/ जरुरी काम वाहेक अन्य काममा नेपालीहरुको आवत जावतमा कडाइ गर्ने ।
- भारत लगायत तेश्रो मुलुकबाट वेलहिया आएका सबै नागरिकलाई नाकामा एन्टिजेन परीक्षण अनिवार्य गर्ने र परीक्षण विना नेपाल प्रवेश निषेध गर्ने ।

४. No Mask No Movement अभियान सञ्चालन सम्बन्धमाः

(क) मास्क अनिवार्य

- सार्वजनिक सरोकारका सार्वजनिक कार्यालयहरु जिल्ला प्रशासन कार्यालय, मालपोत, नापी, यातायात, अस्पताल, सवारी साधन, विद्यालय, क्याम्पस, हाटबजार, सपिङ कम्प्लेक्स/ सुपर मार्केट आदिमा अनिवार्य मास्क लगाउनुपर्ने ।

(ख) मास्क बैंकको स्थापना सम्बन्धमाः

- जिल्ला प्रशासन कार्यालमा Mask Bank को स्थापना गर्ने ।
- मास्क बैंकमा सबै संघसंस्थाहरुलाई मास्क उपलब्ध गराउन अनुरोध गर्ने ।
- स्वयंसेवकहरु परिचालन गर्न सम्बद्ध संस्थाहरुमा अनुरोध गर्ने ।

(ग) जनचेतना/ अभिमुखीकरण कार्यक्रम सञ्चालन सम्बन्धमाः

- बढी जनसम्पर्क हुने कार्यालयहरु, सार्वजनिक बस, सवारी साधन, बसपार्क, अस्पताल लगायत मानिसको भिडभाड हुने स्थानमा मास्कको उपयोगिता सम्बन्धी जानकारी गराउने ।
- जनचेतनामूलक कार्यक्रम सँगसँगै मास्क वितरण गर्ने ।

५. कोभिड परीक्षण/खोप/स्वास्थ्य सुरक्षा सम्बन्धमा

- सामुदायिक स्थलमा कोभिड – १९ को फैलावट यकिन गरी सोको प्रभावकारी व्यवस्थापनको लागि जिल्लामा प्राप्त भएको एन्टिजेन्ट किटलाई सबै पालिका, अस्पताल र बेलहिया नाकामा परीक्षणलाई व्यापक बनाउने ।
- मानिसहरुको बढी भिडभाड हुने सरकारी कार्यालय एवं सार्वजनिक यातायातमा परीक्षण गर्ने ।
- पाल्पा र रुपन्देही जिल्लाको सीमानामा पर्ने सिद्धवावामा समेत परीक्षण गर्ने ।
- नेपाल सरकारले तोकिएको मापदण्ड अनुरुप खोप केन्द्रहरुमा सुरक्षा प्रदान गर्ने र खोप कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थित गर्ने ।

७. सेवा प्रवाह सार्वजनिक सेवा

- स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गरी विकास निर्माण/सरकारी कार्यालय/बैक तथा वित्तिय संस्था साथै अन्य सेवा प्रदायक निकायहरुवाट प्रदान गर्ने सेवा सञ्चालन गर्ने ।

जारी गरिएको निषेधादेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । उक्त आदेश विपरितका क्रियाकलापहरु संचालन गर्ने गराउनेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही गरिनेछ । निषेआदेशको पूर्ण पालना गरी कोभिड -१९ रोकथाम नियन्त्रण र व्यवस्थापन गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण जिल्लाबासी दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत निषेधादेशको पूर्ण पालना गरी सहयोग पुऱ्याउनुहुन हार्दिक अनुरोध गर्दछौं ।